नेपाल सरकार

# अर्थ मन्त्रालय

डा. युवराज खतिवडा
अर्थ मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

## शुभकामना

बीमा क्षेत्रको नियमनकारी निकाय बीमा समिति ५१ औं वर्ष पुरा गरी ५२ औं वर्षमा प्रवेश गरेको अवसरमा समितिका सञ्चालक, कर्मचारीहरु, बीमक एवम् बीमित संस्थाहरु लगायत सम्बन्धित सरोकारवालाहरु सबैलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु।

सामाजिक सुरक्षाको भरपर्दो साधन एवम् जोखिम व्यवस्थापनको माध्यम बीमा व्यवसायको महत्व बदलिदो व्यवसायिक र जीवन पद्धतिका कारण अझ बढ्दै गएको छ। नेपाल सरकारले सामाजिक सुरक्षाको दायरा फराकिलो पार्न बीमाको पहुँच विस्तार हुने गरी बीमा समिति र बीमा सेवा प्रदायक निकायहरुको संस्थागत र प्रणालीगत सुधार गर्ने, बीमा सेवा सहज गर्न घुम्ती बीमा कार्यक्रम सञ्चालन गर्ने र लघु बीमा सेवा विस्तार गर्ने नीति लिएको छ। बीमा प्रदायक संस्थाको व्यापक विस्तारका कारण पछिल्ला वर्षहरुमा बीमा सेवाको उल्लेख्य विस्तार भए पनि हालसम्म नेपालको कुल जनसंख्याको २२ प्रतिशत जनतामा मात्र बीमाको पहुँच पुगेको परिप्रेक्ष्यमा बीमा सेवाको द्रुत विस्तारमा यस समितिको भूमिका अझ प्रभावकारी हुँदै जानु पर्ने देख्दछु।

बीमा बजारलाई गतिशील बनाउनका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिपादित बीमाका नवीनतम सिद्धान्तहरुलाई नेपाली बीमा बजारमा लागू गर्नुपर्ने आवश्यकता मैले देखेको छु। बीमा व्यवसायमा कृषि बीमा, लघु बीमा तथा घुम्ती बीमा जस्ता कार्यक्रमहरुलाई प्राथमिकतामा राख्दै कार्य अघि बढाउनु पर्नेछ। बीमा सेवाको विकास र विस्तारका लागि आकर्षक बीमा योजना, सेवाको विविधिकरण, आधुनिक प्रविधिको प्रयोग मार्फत कार्यकुशलतामा वृद्धिका साथै व्यवसायिक कार्य संस्कारको विकास गरी उत्तरदायित्वको अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ। बीमाको पहुँच पुग्न नसकेका क्षेत्र लगायत प्रत्येक स्थानीय तहसम्म बीमा सम्बन्धी चेतना अभिवृद्धि गर्दै बीमाको पहुँच बढाउन यस नियामक निकायले अझ सशक्त कदम चाल्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, समितिले देशमा बीमा बजारको स्वच्छ विकास गर्दै मुलुकको गार्हस्थ्य बचत परिचालन र लगानी वृद्धि गरी अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्न सकोस् र सम्भाव्य सबै क्षेत्रमा बीमाको पहुँच पुर्‍याई बीमा मार्फत आम नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्न उच्च प्राथमिकता देओस् भन्दै यस निकायको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

जेठ १, २०७७

डा. युवराज खतिवडा
अर्थ मन्त्री

टेलिफोन नं.: +९७७-१-४२११८०९ (का.), फ्याक्स नं.: +९७७-१-४२११८३१
वेब साईट: www.mof.gov.np